1800 medicare
1800 633 422

# 1800मेडिकेयर – नि:शुल्क स्वास्थ्य सल्लाह र सही स्वास्थ्य हेरचाहसँग जोडिनका लागि

## अष्ट्रेलियामा रहेका अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि

नयाँ देशमा बस्दा र अध्ययन गर्दा कहिलेकाहीं स्वास्थ्य सल्लाहको लागि कहाँ जाने भन्ने कुराको जानकारी पाउन गाह्रो हुन सक्छ। 1800मेडिकेयरले दिन होस् वा रात, जुनसुकै बेला विशेषज्ञ स्वास्थ्य जानकारी र सहायता प्राप्त गर्न सजिलो बनाउँछ।

1800मेडिकेयर नि:शुल्क छ र अष्ट्रेलियामा सबैका लागि उपलब्ध छ, जसमा अन्तर्राष्ट्रिय विद्यार्थीहरू पनि समावेस छन्।

यो सेवा प्रयोग गर्न तपाईंलाई मेडिकेयर कार्डको आवश्यकता पर्दैन।

### 1800मेडिकेयर भनेको के हो?

1800मेडिकेयर भनेको स्वास्थ्य जानकारी र सल्लाहको लागि २४/७ नै पहुँचयोग्य र सही समयमा सही हेरचाहसँग जोडिनको लागि उपलब्ध एक नि:शुल्क फोन लाइन (1800 633 422), वेबसाइट र एप हो। 1800मेडिकेयर अष्ट्रेलियामा सबैका लागि पहुँचयोग्य र नि:शुल्क छ, जहाँसुकै - जुनसुकै बेला, दिउँसो वा राति। 1800मेडिकेयर नि:शुल्क छ र अष्ट्रेलियामा रहेका सबैका लागि उपलब्ध छ, जसमा आगन्तुकहरू, अन्तर्राष्ट्रिय विद्यार्थीहरू र मेडिकेयर नभएका व्यक्तिहरू लगायत सबै पर्छन्। तपाईंले नर्सले सिफारिस गरेको सेवाको लागि रकम तिर्नुपर्ने हुन सक्छ, जस्तै डाक्टरसँगको भेटघाटका लागि।

### 1800मेडिकेयरले तपाईंलाई निम्न अवस्थामा मद्दत गर्न सक्छ:

- तपाईं वा तपाईंले ख्याल राख्ने व्यक्ति अस्वस्थ वा घाइते भएको अवस्थामा
- चिकित्सकलाई भेट्ने की अस्पताल जाने भन्ने कुरा निश्चित नभएको अवस्थामा
- तपाईं प्रायः जाने चिकित्सा केन्द्र बन्द छ र तपाईंलाई स्वास्थ्य सल्लाह चाहिएको अवस्थामा
- तपाईंलाई आफ्नो ठाउँमा रहेका स्वास्थ्य सेवाहरूका बारेमा सल्लाह वा जानकारी चाहिएको अवस्थामा
- आपतकालीन अवस्था होइन, तर तपाईंलाई तत्काल स्वास्थ्य सल्लाह चाहिएको अवस्थामा।



1800 medicare

1800 633 422

## 1800मेडिकेयरले निम्न उपलब्ध गराउँछ:

### 1800मेडिकेयर फोन लाइन | 1800 633 422

अष्ट्रेलियामा रहेका जो कोहीले पनि नि:शुल्क स्वास्थ्य सल्लाह र सहायताको लागि 1800 633 422 मा फोन गर्न सक्नेछन् – चाहे त्यो आफ्नो लागि होस् वा साथीभाइ, रूममेट, वा तपाईंले ख्याल राख्ने जो कोहीको लागि होस्। जब तपाईंले 1800मेडिकेयर मा फोन गर्नुहुन्छ, तपाईंले आफ्नो स्वास्थ्य चिन्ताका बारेमा पञ्जिकृत नर्ससँग कुरा गर्नुहुनेछ। नर्सले तपाईंका लक्षणहरूको बारेमा प्रश्न सोध्नेछन् र तपाईंलाई सही स्वास्थ्य हेरचाहको लागि मार्गदर्शन दिनेछन्, चाहे त्यो घरमा आफ्नो हेरचाह गर्ने कुरा होस्, तपाईंलाई भर्चुअल GP सँगको अपोइन्टमेन्ट मिलाउने कुरा होस्, वा तपाईंको क्षेत्रको स्वास्थ्य सेवा जस्तै स्थानीय GP, फार्मेसी, मेडिकेयर अर्जेन्ट केयर क्लिनिक वा आकस्मिक विभागबाट मद्दत लिने कुरा होस्।

यो सेवा हप्ताको ७ दिन, २४ सै घण्टा उपलब्ध छ।

#### भाषा सहायता चाहिन्छ?

यदि अंग्रेजी तपाईंको बोलीचालीको भाषा होइन र तपाईंलाई दोभाषे चाहिन्छ भने, तपाईंले TIS नेशनल लाई 131 450 मा फोन गर्न सक्नुहुन्छ र 1800मेडिकेयर (1800 633 422) मा फोन सम्पर्क गराइदिन अनुरोध गर्न सक्नुहुन्छ।

### 1800मेडिकेयर एप

1800मेडिकेयर एप तपाईंले, तपाईंका स्वास्थ्य सेवा प्रदायकहरूले वा प्रतिनिधिहरूले माई हेल्थ रेकर्डमा अपलोड गरेका मुख्य स्वास्थ्य जानकारी हेर्नको लागि एक सुरक्षित र सुविधाजनक स्थान हो। यो एपले 1800मेडिकेयर फोन सेवालाई पूर्णता दिन्छ र स्वास्थ्य सल्लाह र जानकारीको लागि सुविधाजनक सुरुवाती बिन्दु बन्छ।

तपाईंले आफ्नो फोन वा ट्याब्लेटमा एप डाउनलोड गर्न सक्नुहुन्छ - यो छिटोछरितो, सजिलो र सुरक्षित छ - र तपाईंले आफ्नो नियन्त्रणमा यसलाई पहुँच गर्न र साझा गर्न सक्नुहुन्छ। एप सेटअप गर्न मद्दतको लागि, digitalhealth.gov.au/1800MEDICAREapp मा हेर्नुहोस्।

### 1800मेडिकेयर वेबसाइट | medicare.gov.au/1800

वेबसाइटमा तपाईंले निम्न कुराहरू गर्न सक्नुहुन्छ:

- फोन लाइनमा फोन गर्न (तपाईंको मोबाइलबाट)
- आफ्ना लक्षणहरू जाँच गर्न
- आफ्नो नजिकैको स्वास्थ्य सेवाहरू खोज्न
- औषधिहरूको बारेमा जानकारी लिन
- अन्य मेडिकेयर स्वास्थ्य सेवाहरूको बारेमा थप जान्न।

#### आपतकालीन अवस्थामा

आपतकालीन अवस्थाको लागि, सधैं तीन शून्य (000) मा फोन गर्नुहोस् वा सिधै नजिकको आकस्मिक विभागमा जानुहोस्।

#### थप जानकारी

1800मेडिकेयर को बारेमा थप जान्न र सही समयमा सही स्वास्थ्य हेरचाह खोज्नका लागि:

- 1800 633 422 मा 1800मेडिकेयर लाई फोन गर्नुहोस्
- medicare.gov.au/1800-translated-resources मा हेर्नुहोस्
- 1800MEDICARE एप डाउनलोड गर्नुहोस्।